# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६] काठमाडौं, पौष १७ गते २०१३ साल [संख्या ३४


## —कानून तथा संसदीय प्रबन्धमन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावलि-विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

## २०१३ सालको ऐन नं. १५

विकास समिति ऐन, २०१३ [यसपछि मूल ऐन भनिएको] संशोधन गर्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट मन्त्रि-मण्डलको सल्लाह-अनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ ।




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नामः— यस ऐनको नाम–"विकाश समिति [पहिलो संशोधन] ऐन, २०१३" रहेको छ ।

२. मूल ऐनको दफा ३ मा संशोधनः— मूल ऐनको दफा ३ को उपदफा [३] मा–'समितिमा सरकारले नियुक्त गरेबमोजिमको व्यक्तिहरू रहनेछन्' पछि देहायबमोजिमको शब्दहरू थपिएका छन् । —

र सो समिति गठन गर्दाको आदेशमा तोकेबमोजिमको नामले प्रचलित हुनेछ ।

३. मूल ऐनको दफा ५ मा संशोधन :—मूल ऐनको दफा ५ को उपदफा [३] तीन खारेज गरी त्यसको सट्टा देहायको उपदफा [३] राखिएको छ ।

आफूले बनाएका नियमहरूमा तोकिएको कार्यक्रम र कार्य-प्रणालीबमोजिम समितिले काम गर्नेछ र आफूले बनाएको नियमबमोजिम नै समितिले हिसाब किताब राख्नेछ । तर यस्ता नियमहरू सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछन् । सो समितिको हिसाब सरकारबाट नियुक्त भएका व्यक्तिले जाँच्नेछन ।

लालमोहर सदर मिति २०१३ साल पौष ५ गते रोज ४ शुभम्—

आज्ञाले—
नवनबहादुर खत्रीक्षेत्री,
सेक्रेटरी–कानून तथा संसदीय प्रबन्धमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

3(05